विधेयक संख्याः

# मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

प्रदेश सभा सचिवालय

प्रदेश सभा भवन

कर्णाली प्रदेश, सुर्खेत

## उद्देश्य र कारण

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ लाई नेपालको संविधान अनुकूल बनाउन, प्रदेश सरकारको हक हित वा सरोकारको विषय समावेश भएको मुद्दामा प्रभावकारी रुपमा प्रतिरक्षाको लागि थप व्यवस्था गर्न र मुख्य न्यायाधिवक्ताले पाउने पारिश्रमिक बाहेक अन्य सुविधालाई स्पष्ट गर्न "मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" प्रदेश सभामा पेश गरेको छु।

(जीवनबहादुर शाही)

मुख्यमन्त्री

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

कर्णाली प्रदेश।

## आर्थिक टिप्पणी

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको यस विधेयकमा मुख्य न्यायाधिवक्ताले प्रदेश सरकारको हक, हित वा सरोकारको विषयमा अदालतमा विचाराधीन कुनै मुद्दामा प्रदेश सरकारको तर्फबाट बहस, पैरवी वा प्रतिरक्षा गर्न प्रदेश सरकारले निर्धारण गरेको मापदण्डका आधारमा आवश्यकता अनुसार कुनै कानून व्यवसायीलाई तोक्न सक्ने र त्यसरी तोकिएको कानून व्यवसायीले प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड बमोजिमको पारिश्रमिक पाउने व्यवस्था समेत प्रस्ताव गरिएको हुँदा प्रस्तुत विधेयकको कार्यान्वयनबाट कर्णाली प्रदेश सरकारलाई सालबसाली रुपमा आर्थिक व्ययभार पर्ने देखिन्छ।

(जीवनबहादुर शाही)

मुख्यमन्त्री

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

कर्णाली प्रदेश।

**मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमा प्रस्ताव भएको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी**

| क्र.सं. | विधेयकको दफा/उपदफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा ३ | कानून व्यवसायी तोक्ने आधार, प्रक्रिया र सुविधा पाउने आधारहरु मापदण्डमा राख्न उपयुक्त हुने भएको। | कानून व्यवसायी तोक्ने आधार, प्रक्रिया र सुविधा पाउने आधारहरु मापदण्डमा तोकिने। | कानून व्यवसायी तोक्न सहज भई प्रदेश सरकारको हक हित वा सरोकारको विषय समावेश भएको मुद्दामा प्रभावकारी रुपमा प्रतिरक्षा गर्न सहयोग पुग्ने। |

## व्याख्यात्मक टिप्पणी

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ लाई नेपालको संविधान अनुकूल बनाउन, प्रदेश सरकारको हक हित वा सरोकारको विषय समावेश भएको मुद्दामा प्रभावकारी रुपमा प्रतिरक्षाको लागि थप व्यवस्था गर्न र मुख्य न्यायाधिवक्ताले पाउने पारिश्रमिक बाहेक अन्य सुविधालाई स्पष्ट गर्न प्रस्तुत "मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" तर्जुमा गरिएको हुँदा प्रचलित ऐनमा भएको व्यवस्थाभन्दा उल्लेखनीय व्यवस्था नभएकोले थप व्याख्या गर्नु पर्ने आवश्यकता नदेखिएको हुँदा सोही व्यहोरा पेश गरेको छु।

(जीवनबहादुर शाही)

मुख्यमन्त्री

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कर्णाली प्रदेश।

## मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना:** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ३ मा संशोधनः** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ (यसपछि “मूल ऐन" भनिएको) को दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

“३. **मुख्य न्यायाधिवक्ताको कार्यालयको स्थापना:** (१) प्रदेश राजधानी रहेको स्थानमा मुख्य न्यायाधिवक्ताको कार्यालय रहनेछ।

(२) मुख्य न्यायाधिवक्ताको कार्यालयमा महान्यायाधिवक्ताको कार्यालयबाट खटिएका कर्मचारीहरु रहनेछन्।

(३) मुख्य न्यायाधिवक्ताको कार्यालयको वरिष्ठतम् अधिकृतले मुख्य न्यायाधिवक्ताको निर्देशनमा रही सो कार्यालयको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ।"

३. **मूल ऐनको दफा ४ मा संशोधनः** मूल ऐनको दफा ४ को,-

(१) उपदफा (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

“(क१) प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिने,"

(२) उपदफा (६) पछि देहायका उपदफा (६क) र (६ख) थपिएका छनः-

“(६क) मुख्य न्यायाधिवक्ताले प्रदेश सरकारको हक हित वा सरोकारको विषयमा अदालतमा विचाराधीन कुनै मुद्दामा प्रदेश सरकारको तर्फबाट बहस पैरवी वा प्रतिरक्षा गर्न प्रदेश सरकारले निर्धारण गरेको मापदण्डका आधारमा आवश्यकता अनुसार कुनै कानून व्यवसायी वा सरकारी वकीललाई तोक्न सक्नेछ।

(६ख) उपदफा (६क) बमोजिम तोकिएको कानून व्यवसायीले प्रदेश सरकारको तर्फबाट कुनै मुद्दामा बहस, पैरवी वा प्रतिरक्षा गर्दा प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड बमोजिमको पारिश्रमिक पाउनेछ।"

४. <u>मूल ऐनको दफा ६ मा संशोधनः</u> मूल ऐनको दफा ६ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) मुख्य न्यायाधिवक्ताले आफ्नो प्रदेशभित्र नेपाल सरकार वादी वा प्रतिवादी भई कुनै अड्डा अदालत वा अन्य कुनै मुद्दा हेर्ने निकायमा चलेको मुद्दाको सम्बन्धमा उच्च सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयसँग आवश्यक जानकारी लिन सक्नेछ।"

५. <u>मूल ऐनमा दफा ८क. थपः</u> मूल ऐनको दफा ८ पछि देहायको दफा ८क. थपिएको छः-

"८क. <u>बहस पैरवी वा प्रतिरक्षाका लागि अनुरोध गर्नु पर्नेः</u> (१) प्रदेश सरकार, प्रदेश सरकारका मन्त्रालय वा कार्यालयको तर्फबाट कुनै मुद्दामा अदालतमा बहस पैरवी वा प्रतिरक्षा गर्नु पर्ने भएमा मुख्य न्यायाधिवक्ताको कार्यालयलाई अनुरोध गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुरोध गर्दा प्रदेश सरकार, प्रदेश सरकारका मन्त्रालय वा कार्यालयको तर्फबाट अदालतमा पेश गरेका निवेदन, लिखित जवाफ, प्रतिउत्तर, पुनरावेदन तथा सम्बन्धित आवश्यक कागजात संलग्न गरी पठाउनु पर्नेछ।"

६. <u>मूल ऐनको दफा १५ मा संशोधनः</u> मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः-

"१५. <u>बिदाः</u> (१) मुख्य न्यायाधिवक्ताले उच्च अदालतका न्यायाधीशको पारिश्रमिक सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन २०७४ बमोजिम उच्च अदालतका न्यायाधीशले पाए सरहको भैपरी आउने बिदा, पर्व बिदा, घर बिदा, बिरामी बिदा, किरिया बिदा, प्रसूति बिदा र प्रसूति स्याहार बिदा पाउनेछ।"

(२) मुख्य न्यायाधिवक्ताको बिदा मुख्यमन्त्रीबाट स्वीकृत हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि भैपरी आउने बिदा र पर्व बिदा मुख्य न्यायाधिवक्ता आफैले स्वीकृत गरी लिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम मुख्य न्यायाधिवक्ताले बिदामा बसेको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ र एकै पटक तीन दिनभन्दा बढी बिदामा बस्नु परेमा मुख्यमन्त्रीको स्वीकृति लिनु पर्नेछ।"

## मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको तीन महले विवरण

| क्र. सं. | दफा/ उपदफा | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| १. | मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ३ | मुख्य न्यायाधिवक्ताको कार्यालयको स्थापना<br>(१) प्रदेश राजधानी रहेको स्थान वीरेन्द्रनगर, सुर्खेतमा मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना हुन्छ।<br>(२) मुख्य न्यायाधिवक्ताको कार्यालयमा आवश्यक संख्यामा प्रदेश न्याय सेवा वा प्रदेश सरकारी सेवाका कर्मचारीहरु रहनेछन्।<br>(३) उपदफा (२) बमोजिमको जनशक्ति व्यवस्थापन नहुन्जेल सम्मका लागि मुख्य न्यायाधिवक्ताले महान्यायाधिवक्ताको कार्यालयसँग आवश्यक सरकारी वकील र कर्मचारी माग गरी काममा लगाउन सक्नेछ। | मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ३ मा संशोधनः मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-<br>"३. मुख्य न्यायाधिवक्ताको कार्यालयको स्थापनाः (१) प्रदेश राजधानी रहेको स्थानमा मुख्य न्यायाधिवक्ताको कार्यालय रहनेछ।<br>(२) मुख्य न्यायाधिवक्ताको कार्यालयमा महान्यायाधिवक्ताको कार्यालयबाट खटिएका कर्मचारीहरु रहनेछन्।<br>(३) मुख्य न्यायाधिवक्ताको कार्यालयको वरिष्ठतम् अधिकृतले मुख्य न्यायाधिवक्ताको निर्देशनमा रही सो कार्यालयको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ।" | नेपालको संविधान अनुकूल बनाउन आवश्यक भएको। |
| २. | दफा ४ | काम, कर्तव्य र अधिकार (१) संविधानको धारा १६० मा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त मुख्य न्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-<br>(क) प्रदेश सरकार वादी वा प्रतिवादी भएको वा प्रदेश सरकारको हक हित वा | मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को,-<br>(१) उपदफा (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः- | प्रदेश सरकारको हकहित वा सरोकारको विषयमा प्रभावकारी रुपमा प्रतिरक्षा |

| | | | | |
|---|---|---|---|---|
| | | सरोकार रहेको संविधान वा कानूनको व्याख्यासम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधीन मुद्दामा प्रदेश सरकार वा प्रदेश सरकारको तर्फबाट उपस्थित भई बहस पैरवी गर्ने गराउने,<br>(ख) प्रदेश सरकार र मातहतका निकायका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेशस्थित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने गराउने,<br>(ग) प्रचलित प्रदेश कानूनकाव कार्यान्वयनको क्रममा कुनै कठिनाई आइपरेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानून संशोधन गर्न वा बनिरहेको कानून लागु गर्नुपर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने,<br>(घ) प्रदेश सरकारका मन्त्रालय, सचिवालय, विभाग वा अन्य प्रदेश सरकारका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखत जवाफ लगाएतका कानूनी मस्यौदामा स्तर कायम गर्न त्यस्ता कार्यालयबीच आवश्यक समन्वय गर्ने र त्यस्ता कार्यालयलाई आवश्यक निर्देशन दिने र<br>(ङ) प्रदेश स्थित हिरासत तथा थुनुवा कक्षमा रहेका थुनुवालाई आफन्तसँग वा कानून व्यवसायीमार्फत् भेटघाट गर्न नदिउको वा मानवोचित व्यवहार नभएको उजुरी परेमा वा जानकारी हुन आएमा महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने।<br>(२) प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा बहस पैरवी वा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले मुख्य न्यायाधिवक्तालाई अनुरोध गरी पठाएमा | "(क१) प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिने,"<br>(२) उपदफा (६) पछि देहायका उपदफा (६क) र (६ख) थपिएका छन:-<br>"(६क) मुख्य न्यायाधिवक्ताले प्रदेश सरकारको हक हित वा सरोकारको विषयमा अदालतमा विचाराधीन कुनै मुद्दामा प्रदेश सरकारको तर्फबाट बहस पैरवी वा प्रतिरक्षा गर्न प्रदेश सरकारले निर्धारण गरेको मापदण्डका आधारमा आवश्यकता अनुसार कुनै कानून व्यवसायी वा सरकारी वकीललाई तोक्न सक्नेछ।<br>(६ख) उपदफा (६क) बमोजिम तोकिएको कानून व्यवसायीले प्रदेश सरकारको तर्फबाट कुनै मुद्दामा बहस, पैरवी वा प्रतिरक्षा गर्दा प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड बमोजिमको पारिश्रमिक पाउनेछ।" | गर्नु पर्ने भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | मुख्य न्यायाधिवक्ता आफैले प्रतिनिधिन्व गर्न वा अन्तर्गतका अधिकृत कर्मचारीलाई खटाउन सक्नेछ।<br>(३) कुनै न्यायिक वा अर्धन्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट प्रदेश सरकारको हकहित वा सर्वजनिक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन वा अन्य कुनै कानूनी उपचार प्राप्त गर्न कानूनबमोजिम कुनै अधकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले तोकेको अन्तर्गतका अधिकृत कर्मचारीले त्यस्तो निर्णय वा आदेशविरुद्ध कानूनबमोजिम सम्बन्धित निकायमा मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।<br>(४) प्रदेश कानूनबमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारवाहीबाट प्रदेश सरकारको हकहित प्रतिकूल भएको वा संविधान वा प्रचलित कानूनको उल्लङ्घन वा सार्वजनिक हितविपरीत भएको छ भन्ने मुख्य न्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारबाहीविरुद्ध उजूरी गर्न कनूनले कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता आफैले वा निजले तोकेकाव अधिकृत कर्मचारीले त्यस्तो निर्णय वा काम कारवाहीविरुद्ध कानूनी उपचार प्राप्त गर्न सक्नेछ।<br>(५) मुख्य न्यायाधिवक्तालाई सम्बन्धित प्रदेश सरकारको हकहित र सरोकार रहेको विषयमा नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारिसमक्ष उपस्थित हुने अधिकार हुनेछ।<br>(६) मुख्य न्यायाधिवक्तले प्रदेश सभा वा त्यसको कुनै समितिले गरेको | | |

| | | | | |
|---|---|---|---|---|
| | | आमन्त्रणबमोजिम त्यस्तो बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्न सक्नेछ।<br>(७) मुख्य न्यायाधिवक्ताले आफुलाई प्राप्त अधिकार मातहतका अधिकृत कर्मचारिलाई प्रत्यायोजन गर्न सक्ने छ। | | |
| ३. | <u>दफा ६</u> | <u>सहयोग गर्नुपर्नेः</u> उपदफा (२) मा प्रदेश सरकारलाई सरोकार पर्ने मुद्दामा आवश्यक पर्ने निर्णय मिसिल, फाइल वा कागजातमा मुख्य न्यायाधिवक्ता कार्यालयबाट माग भएमा प्रदेशका सम्बन्धित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालय प्रमुखले यथाशीघ्र मुख्य न्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ। | **<u>मूल ऐनको दफा ६ मा संशोधनः</u>** मूल ऐनको दफा ६ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-<br>"(३) मुख्य न्यायाधिवक्ताले आफ्नो प्रदेशभित्र नेपाल सरकार वादी वा प्रतिवादी भई कुनै अड्डा अदालत वा अन्य कुनै मुद्दा हेर्ने निकायमा चलेको मुद्दाको सम्बन्धमा उच्च सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयसँग आवश्यक जानकारी लिन सक्नेछ।" | प्रदेश सरकारको हकहित वा सरोकारको विषयमा प्रभावकारी रुपमा प्रतिरक्षा गर्नु पर्ने भएको। |
| ४. | <u>दफा ७</u> | <u>लिखित जवाफ पेश गर्नु पर्नेः</u> प्रदेश सरकार र सो अन्तर्गतका निकायले अदालत वा न्यायिक निकायमा निवेदन, लिखित जवाफ, प्रतिउत्तर, पुनरावेदन, आदि पेश गर्दा मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत पेश गर्नु पर्नेछ। | **<u>मूल ऐनमा दफा ८क. थपः</u>** मूल ऐनको दफा ८ पछि देहायको दफा ८क. थपिएको छः-<br>"८क. <u>बहस पैरवी वा प्रतिरक्षाका लागि अनुरोध गर्नु पर्नेः</u> (१) प्रदेश सरकार, प्रदेश सरकारका मन्त्रालय वा कार्यालयको तर्फबाट कुनै मुद्दामा अदालतमा बहस पैरवी वा प्रतिरक्षा गर्नु पर्ने भएमा मुख्य न्यायाधिवक्ताको कार्यालयलाई अनुरोध गर्नु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिम अनुरोध गर्दा प्रदेश सरकार, प्रदेश सरकारका मन्त्रालय वा कार्यालयको तर्फबाट अदालतमा पेश गरेका निवेदन, | प्रदेश सरकारको हकहित वा सरोकारको विषयमा प्रभावकारी रुपमा प्रतिरक्षा गर्नु पर्ने भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | | लिखित जवाफ, प्रतिउत्तर, पुनरावेदन तथा सम्बन्धित आवश्यक कागजात संलग्न गरी पठाउनु पर्नेछ।" | |
| ५. | <u>दफा १५</u> | <u>बिदा स्वीकृतिः</u> (१) मुख्य न्यायाधिवक्ताको बिदा मुख्यमन्त्रीबाट स्वीकृत हुनेछ।<br>(२) पर्व बिदा र भैपरी आउने बिदा मुख्य न्यायाधिवक्ताले आफै लिन सक्नेछ। तर एकै पटक तीन दिनभन्दा लामो बिदामा बस्नु परेमा मुख्यमन्त्रीको सहमति आवश्यक पर्नेछ। | <u>मूल ऐनको दफा १५ मा संशोधनः</u> मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः-<br>"१५. <u>बिदाः</u> (१) मुख्य न्यायाधिवक्ताले उच्च अदालतका न्यायाधीशको पारिश्रमिक सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन २०७४ बमोजिम उच्च अदालतका न्यायाधीशले पाए सरहको भैपरी आउने बिदा, पर्व बिदा, घर बिदा, बिरामी बिदा, किरिया बिदा, प्रसूति बिदा र प्रसूति स्याहार बिदा पाउनेछ।"<br>(२) मुख्य न्यायाधिवक्ताको बिदा मुख्यमन्त्रीबाट स्वीकृत हुनेछ।<br>(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि भैपरी आउने बिदा र पर्व बिदा मुख्य न्यायाधिवक्ता आफैले स्वीकृत गरी लिन सक्नेछ।<br>(४) उपदफा (३) बमोजिम मुख्य न्यायाधिवक्ताले बिदामा बसेको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ र एकै पटक तीन दिनभन्दा लामो बिदामा बस्नु परेमा मुख्यमन्त्रीको स्वीकृति लिनु पर्नेछ।" | मुख्य न्यायाधिवक्तले पाउने बिदालाई थप स्पष्ट गर्न आवश्यक भएको। |